# सुन्दरहरैंचा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## विराटचौक, मोरङ
## १ नं प्रदेश, नेपाल

# म्यादी नगर प्रहरी सेवा करारमा लिने सम्बन्धि सूचना ।

प्रथम पटक सूचना प्रकाशित मितिः २०७७/०३/०४

सुन्दरहरैंचा नगरपालिकाको मिति२०७७/०२/३२मा बसेको ५१ औं कार्यपालिकाको बैठकको निर्णय बमोजिम विश्वब्यापी रुपमा फैलिएको नोबेल कोरोना भाईरस (COVID-19) को संक्रमण न्यूनिकरण, रोकथाम तथा क्वारेन्टिन ब्यवस्थापनका लागि आई पर्ने सम्पूर्ण कार्यहरु तथा कार्यालयको सुरक्षाका लागि आब्श्यकता अनुसार परिचालन गर्ने उद्धेश्यले ६ महिनाका लागि १५ (पन्ध्र) जना म्यादीनगर प्रहरी लिने निर्णय भएअनुसार देहायको योग्यता पुगेका सुन्दरहरैंचा नगरपालिका स्थायी बसोबास गर्ने नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त आब्हान गरिन्छ ।

**<u>शर्ततथा योग्यताहरुः</u>**

१) सुन्दरहरैंचा नगरपालिकाको स्थायी बासिन्दा भएको हुनु पर्नेछ,
२) नेपाली नागरिकताको प्रमाण पत्र भएको,
३) मान्यता प्राप्त शैक्षिक संस्थाबाट आधारभूत तह शिक्षा (कक्षा-८ उतीर्ण) वा सो सरह उतीर्ण गरेको,
४) उमेर २५वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्ने छ ।
५) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,
६) सम्बन्धित इलाका वा वडा प्रहरीबाट हालसालै जारी भएको चारित्रिक प्रमाण-पत्र,
७) मान्यता प्राप्त स्वास्थ्य संस्थाले दिएको निरोगिताको प्रमाणपत्र,
७) पुरुषको हकमा घटिमा उचाई ५ फिट ३ ईन्च, छाति ३१-३३ इन्च, तौल ५० केजी र महिलाको हकमा घटिमा उचाई ५ फिट, तौल ४२ केजी र दुवैको हकमा आँखा माईनस २ वाप्लस २ भन्दा बढी कमजोर नभएको ।
८) दरखास्तवाला पूर्व जनपथ, सशस्त्र प्रहरी, नेपाली सेना सेवामा कम्तीमा ५ वर्षको अनुभव प्राप्तभएको अनिवार्य हुनु पर्नेछ ।
९) पारिश्रमिक :- मासिक पारिश्रमिक रु १५०००।- (पन्ध्र हजार), मासिक रासन भत्ता रु ५०००।- (पाचहजार) उपलब्ध गराउने । पोशाक नगरपालिकाले उपलब्ध गराउने छ ।
१०) दरखास्त दिने अन्तिम मिति : २०७७/०३/१८ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा परेमा भोलिपल्ट कार्यालय समय भित्रमा ।
११) सम्पर्क मिति र समय : २०७७/०३/२१ गते २ बजे
१२) दरखास्त पाईने स्थानः www.sundarharaichamun.gov.np बाट सोझै डाउनलोड गरेर भर्नु पर्नेछ ।
१३) दरखास्त फारम बुझाउने स्थानः सुन्दरहरैंचा नगरपालिका, १२ नं. वडा कार्यालय, क्याम्पस रोड ।
१३) दरखास्त फारम दस्तुर : रु ३००।-
१४) छनौट विधिः शारीरिक तन्दुरुस्ती, स्वास्थ्य परीक्षण, लिखित एवम् अन्तरवार्ता । साथै शारीरिक तन्दुरुस्तीमा सफल भएकाहरु मात्र अन्य परिक्षामा सामेल गराईनेछ ।
१५) माथी उल्लेखीत छनौट प्रकृया बाहेकको हकमा सुन्दरहरैंचा नगरकार्यपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

मुद्रित । कार्यालय : मेनरोड, विराटनगर । फोन : ०२१-५१८२४५, ९८४९७८७२७२, ९८५२०२०७००, इमेलः nsdainik@gmail.com प्रकाशक/प्रधानसम्पादकः शंकर खरेल
दव, प्रमुख संवाददाताः अनुज सापकोटा, समाचार संयोजकः निर्मल ढुंगाना, सल्लाहकार सम्पादकः देवी पन्थी, वरिष्ठ सम्पादकः शेखर रेग्मी